# शोध निर्देशकको मन्तव्य

''दार्जीलिङ्का नेपाली कथाहरूको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन (सन् १६३८-१६६०) शीर्षकको प्रस्तुत शोध प्रबन्ध श्री इन्द्रबहादुर छेत्रीज्यूले मेरो निर्देशनमा रही र शोधविधि पालन गरी तयार पार्नु भएको हो। प्रस्तुत शोध प्रबन्धमा सात परिच्छेद छन्। यसको पहिलो परिच्छेद शोध प्रबन्धको परिचय रहेको छ र यसमा शोध कर्त्ताले शोध शीर्षक, समस्या कथन, शोधको उद्‌देश्य, पूर्व कार्यको समीक्षा, शोध विधि, शोध प्रबन्धको सङ्गठन जस्ता शोध कार्य सम्बन्धी विषयमा प्रकाश पार्नु भएको छ र शोध कार्यबाट प्राप्त निष्कर्षलाई पनि संक्षेपमा बुँदागत रूपमा प्रस्तुत गर्नु भएको छ अनि भावी शोध कर्तालाई एकाध सुझाउ पनि दिनु भएको छ। शोध प्रबन्धको दोस्रो परिच्छेदमा शोध कर्त्ताले कथाको परिचय दिएर कथाको अर्थ र परिभाषा प्रस्तुत गर्नु भएको छ तथा प्राचीन र आधुनिक कथामा पाइने साम्य भेद देखाउँदै आधुनिक नेपाली कथाको स्वरूप स्पष्ट पार्ने प्रयास गर्नु भएको छ। यसै परिच्छेदमा शोध कर्त्ताले कथा र उपन्यास, कथा र नाटक, कथा र निबन्ध बीचको साम्य भेदलाई पनि देखाएर आधुनिक कथा साहित्य मूलतः पाश्चात्य साहित्यको देन आधुनिक लघु कथा हुन् भनेर चिनाउनु भएको छ। मूलतः यो दोस्रो परिच्छेद कथा साहित्यको सैद्धान्तिक परिचयको परिच्छेद हो। शोध कर्त्ताले शोध प्रबन्धको तेस्रो परिच्छेदमा नेपाली कथाको विकास परम्परा प्रकाश पार्दै दार्जीलिङ्मा नेपाली कथाको थालनी र विकास यात्राका चरणहरूको चर्चा गर्नु भएको छ र प्रत्येक चरणका कथाकार र उनीहरूका कथा-कृतिहरूको पनि यथा सम्भव छोटो, मीठो एवं गहकिलो परिचय प्रस्तुत गर्नु भएको छ। यस कार्यमा शोध कर्ता निकै गहिरिन खोजेको पाइन्छ। त्यस्तै शोध प्रबन्धको चौथो परिच्छेदमा शोध कर्त्ताले दार्जीलिङ्का नेपाली कथाहरूमा (सन् १६३८-१६६०)-लाई वादगत प्रवृत्ति र संरचनागत प्रवृत्तिका आधारमा वर्गीकरण गरेर देखाउनु भएको छ भने पाँचौं परिच्छेदमा सन् १६३८-१६६०-का अवधिमा दार्जीलिङ्का नेपाली कथाकारहरूले लेखेका र यस अवधिमा प्रकाशित भएका उनीहरूका कथा कृतिहरूमध्ये प्रतिनिधिमूलक कथा कृतिहरूलाई छानेर तेह्रवटा कथा कृतिहरूको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नु भएको छ। यहाँ के कुरा उल्लेखनीय छ भने सन् १६३८ देखि १६६० का अवधिमा रचिएका दार्जीलिङ् क्षेत्रमा जम्मा एक सय बयालीस कथा कृतिहरू सबैको विश्लेषण गर्न लाग्दा शोध प्रबन्धको आकार प्रकार लामो वा दीर्घ हुने सम्भावनाले गर्दा यसरी तेह्रवटा कथा कृतिहरूलाई प्रतिनिधि कथा कृतिमा रूपमा लिएर तिनीहरूको मात्र विश्लेषण गरिएको हो तर यसरी तेह्रवटा कथा कृतिहरूको मात्र विश्लेषण गरे तापनि शोध कर्त्ताले विवेच्य समयावधिका

कथाकार र कथा-कृतिहरूको धेरथोर परिचय तेस्रो परिच्छेदमा दिइ सक्नु भएको छ। त्यसैले पाँचौं परिच्छेदमा यी तेह्रवटा कथा कृतिहरूलाई विवेच्य समयावधिका दार्जीलिङ्का प्रतिनिधिमूलक कथा कृति ठानेर गरिएको [redacted] विश्लेषण छ। [redacted]। कथा कृतिहरूको विश्लेषणमा शोध कर्ता यथा सम्भव गहिरिएका देखिन्छन्। शोध प्रबन्धको छैटौं परिच्छेदमा शोध कर्ताले विवेच्य समयावधिका दार्जीलिङ्का नेपाली कथा साहित्यको चरण विभाजन गरेर देखाउनु भएको छ र चरणगत मुख्य प्रवृत्तिहरूको चर्चा र विवेचना गरेपछि विवेच्य समयावधिका दार्जीलिङ्का नेपाली कथा कृतिहरूमध्ये तेह्रवटा कथा कृतिहरूलाई प्रतिनिधिमूलक कथा कृतिको रूपमा लिएर तिनीहरूको गुणस्तर निर्धारण गरी मूल्याङ्कन गर्नु भएको छ। शोध प्रबन्धको सातौं परिच्छेद उपसंहार र निष्कर्षको रूपमा रहेको छ र यसको उपसंहार अंशमा शोध कर्ताले पूर्ववर्ती परिच्छेदहरूमा गरिएका चर्चा विवेचनाहरूका सार संक्षेप प्रस्तुत गर्नु भएको छ भने निष्कर्ष अंशमा प्रस्तुत शोध कार्यबाट प्राप्त निष्कर्ष वा स्थापनालाई संक्षेपमा समेटेर केही बुँदाहरूमा प्रस्तुत गरेर देखाउनु भएको छ।

शोध कर्ता आफ्नो शोध कार्यमा यथा सम्भव गहिरिन सकेको अनुभव हुन्छ। त्यस्तै शोध कर्त्ताले शोध सम्बन्धी विषय पालन गरेको र अनुसन्धान तर्फ सचेत रही आफ्नो शोध कार्यलाई चाहिने सामाग्री यथाशक्य सङ्कलन गर्नु भएको छ भन्ने लाग्दछ। त्यस्तै कृतिहरूको विश्लेषण विवेचना, आदिमा पनि शोध कर्ता यथा सम्भव गहिरिएका छन् भन्न सकिन्छ।

अन्त्यमा नेपाली विषयमा विद्यावारिधि पीएच.डी. उपाधिका निम्ति तयार पारिएको प्रस्तुत शोध प्रबन्धको समीचीन मूल्याङ्कनका निम्ति उपयुक्त व्यवस्था मिलाइदिनु हुन म उत्तर बङ्ग विश्वविद्यालय समक्ष अनुरोध र आग्रह गर्दछु।

दिनाङ्क : २९/११/२००३

(प्रो. भीमकान्त उपाध्याय)

Professor
Department of ...
University of North Bengal